# पञ्चासे बौद्ध बिहारको संक्षिप्त परिचय

● पुष्पबहादुर गुरूङ

धवलागिरी अंचल, पर्वत जिल्ला, आर्थर डाँडाखर्क गाउँस्थित साहिस्वाँरामा आज भन्दा करिब ६५ वर्ष अगाडी जन्मनु भएका बौद्ध दर्शनाचार्य मीन गुरूले बाल्यकालको प्रारम्भिक शिक्षा गाउँमै गर्नुभई, बुवा भारतीय सेनामा कार्यरत हुनाले माध्यमिक शिक्षा बुवाको पोष्टिङ सँगसँगै भारतको बिभिन्न स्थानहरूबाट गर्नुभई अन्तत, कलकत्ताबाट उच्च शिक्षा भ्भिअतचष्अर्बा भ्लनष्लभभचष्लन मा गर्नु भएको थियो। कलकत्ता बसाईको क्रममा त्यहाँको स्थानीय बौद्ध बिहारको प्रभावले पछि बौद्ध शिक्षाको औपचारिक अध्ययन गर्नुभई त्यही विहारको मठाधिशवाट छोटो समयको लागि थेरावाद परम्पराबाट प्रवजित पनि हुनु भएको थियो। पछि सपरिवार नेपाल आउने योजना बनेपछि, वहाँ सपरिवार २०४४ साल ताका नेपाल आउनु भई पोखराको रत्नचोकमा बिबाह घरजम गरी बस्नु भयो।

वहाँको पोखरा आगमन पछि जागिर गर्ने सिलसिलामा आफुले अध्ययन गरेको ईन्जिनियरिङ काम गर्नुभई पछि यसैको केही समय ब्यवसायसमेत गर्नुभयो। त्यतिवेला वहाँको जन्म घर अर्थर डाँडाखर्कका गाउँलेहरू बिस्तारै पोखरा बसाई सरि बस्नेक्रम बढे सँगै वहाँको गाउँको गुम्बा, जो आजभन्दा करिब २५० वर्ष अगाडि बनेको थियो, त्यस गुम्बाका लामाहरू समेत



नजिकको शहर पोखरा आई बस्ने क्रम बढ्यो। यसले पोखरामा बिभिन्न गुरूङ गाउँहरूबाट झरेका गुरूङ गृहस्थी लामाहरूको संख्यासमेत बढ्दै जान थाले पछि गुरूङ, तामाङ तथा थकालीलगायत अन्य जातिका लामाहरूलाई एकिकृत गरी वहाँले नेपाल लामा संघ खोल्ने अवधारणा अघि सार्नु भयो।

बिस २०५७ सालतिर लामा गोपाल गुरूङको अध्यक्षतामा नेपाल लामा संघ खोलेर संघको कार्यालय गोपाल गुम्बा रामघाटमा स्थापना गरी, वहाँ लामा संघको सचिव बन्नु भयो। यसरी भारतको कलकत्ताबाट नेपाल आएसँगै जागिर, ब्यापार तथा समाज सेवा गर्ने क्रममा वहाँ हिजो आफु स्वम् कलकत्तामा थेरवाद परम्परावाट

प्रवजितसमेत हुनु भएको हुनाले, आफुलाई बौद्ध धर्मको बाटोमा लागेर समाज सेवा गर्दै, नेपाल लामा संघ खोले पछि लामाहरूलाई शिक्षित गराउने, सशक्तिकरण गराउेदेखि स्वंम् आफु लामा शिक्षा तथा कर्मकाण्ड समेत गर्ने गराउने गर्नु भयो। यसरी केही वर्ष लामा संघलाई नेतृत्व दिन सघाउनेदेखि बौद्ध धर्मसम्बन्धी प्रवचन, ध्यान तथा शैक्षिक गतिविधि बढाउने जस्ता कार्यहरू गर्दै अन्तत, वहाँ हाल आफ्नै पुरख्यौली थलो पर्वत जिल्लाको अर्थर डाँडाखर्क गाउँस्थित साहिस्वाँरमा पञ्चासे बुद्ध विहार निमार्ण गरी, पूर्णकालिन रूपमा बस्दै आउनु भएको छ। बिहार सञ्चालन गरेकोले उनी थेरवाद हुन् भन्ने बुझिन्छ।

उक्त पंचासे बुद्धविहार पोखराबाट २५ किलोमिटरको दूरीमा सिद्धार्थ राजमार्ग हुँदै त्यहाँबाट करिब १५ किलोमिटर कच्ची सडक गरी जम्मा ४० किलोमिटरको दुरीमा रहेको छ। आफ्नो जन्मथलोमा स्थापित पञ्चासे बुद्ध विहार करिब ३ रोपनी जग्गामा फैलिएको छ। गाउँ भित्रको अन्तरिक मोटर बाटो मुनितर्फ रहेको उक्त विहारको प्राङ्गण बाटोसंग जोडिएको छ। त्यहाँबाट केहि सिंढी तल झरे पछि पाहुना घर र त्यसको तल पट्टी करिब ८ फिटको बुद्धको प्रतिमा र त्यसको दक्षिण तर्फ विहार रहेको छ। उक्त विहार भवनमा नै अन्य कोठाहरू निकालेर वहाँ बस्दै आउनु भएको छ।

उक्त बिहारमा बिभिन्न तिथिमा बुद्ध पूजा, प्रवचन तथा ध्यान साधनाको आयोजना गर्ने गरिन्छ। बौद्ध दर्शनार्चाय मीन गुरूले उक्त बिहार स्थापना गर्नु पूर्व पोखरामा बिभिन्न बौद्ध क्रियाकलप तथा समाज सेवा गर्ने क्रममा खोल्नु भएको मौरी समूह स-साना बच्चाहरू तथा युवाहरूलाई लक्षित गरी समाज सेवामा स्वंम्सेवकको काम





गर्ने, बौद्ध परियति शिक्षा अध्ययन गराउने, भजन तथा फेलोसिप गराउने उद्देश्य रहेको छ। यो मौरी समूह हाल देशको बिभिन्न स्थानमा बौद्ध गुम्बा तथा बिहारहरूसँग सहकार्य गरी हरेक ठाँउमा सकृय रहेका छन्। थेरावादी बौद्ध धर्मदर्शन तथा परम्पराको राम्रो ज्ञाता वहाँ लामो समयसम्मको नेपाल लामा संघको नेतृत्व गर्नुहुँदा, बज्रयान बौद्ध धर्म अभ्यास, कर्मकाण्ड तथा गुरूङ संस्कार संस्कृतिको समेत राम्रो ज्ञान भएको गण्डकी क्षेत्रको एक चिरपरिचित बौद्ध धर्म गुरू हुनुहुन्छ।

वहाँको गाउँ माथिको पञ्चासे जंगल कास्की स्याङजा, पर्वत जिल्लाको त्रिसाँधमा रहेको धार्मिक स्थल मानिन्छ। सो स्थानमा धार्मिक पर्यटन प्रर्वद्धन गर्न आज भन्दा करिब २ दशक अगाडी पञ्चासे वृहद धार्मिक पर्यटन क्षेत्र घोषणा गर्दा, उक्त स्थान हिन्दु धर्मको आस्थाको केन्द्रका साथ साथै बौद्ध धर्मालम्बीहरूको पनि समान आस्थाको केन्द्र रहेको छ भनि वहाँकै सकृयतामा त्यहाँ बौद्ध स्तुप निमार्ण गरिएको छ। हाल गण्डकी प्रदेशमा गरिने अन्तर धार्मिक क्रियाकलपहरूमा बौद्ध धर्मको प्रतिनिधि पात्रको भूमिका वहाँले निभाई रहनु भएको छ। प्रवचनमा प्रखर, अन्य धर्मदर्शनको समेत ज्ञान राख्नु हुने बौद्ध दर्शनार्चाय मीन गुरू अन्तरधार्मिक सहिष्णुताको भूमिकामा सधै सकृय रही आउनु भएको छ।

अन्तमा, २५७०औँ बुद्धजयन्तीको पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना! भवतु सर्वमंगलम्। बुद्धम् शरणम् गच्छामि।